# त्रि. वि. वीरेन्द्र बहुमुखी क्याम्पस एल्मुनाई एशोसिएसनको विधान २०७६

## प्रस्तावना

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, वि.सं. २०२२ साल बैशाख १३ गतेका दिन तत्कालीन "वीरेन्द्र इन्टरमिडियट कलेज"का नामबाट स्थापना भई सञ्चालन हुँदै आइरहेको छ । सप्तगण्डकी नदीको तटीय क्षेत्र, पवित्र देवघाटधामको काखमा अवस्थित यस क्याम्पसले चितवन, नवलपरासी, बारा, पर्सा, रौटहट, मकवानपुर, लमजुङ, तनहूँ, गोरखा, बाग्लुङ, धादिङलगायतका जिल्लाहरुबाट उच्चशिक्षा हासिल गर्न आउने विद्यार्थीहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ । स्थापना वर्षहरुमा मानविकीतर्फ इन्टरमिडियट -प्रवीणता प्रमाणपत्र तह) मात्र सञ्चालनमा थियो । २०३५ सालबाट डिप्लोमा इन आर्ट्स (स्नातक) का विषयहरु अध्ययन अध्यापन हुँदै आएकोमा वि.सं. २०४० बाट आईएस्सी, २०४५ सालबाट वि.एस्सी. र स्नातकोत्तर तहमा अर्थशास्त्र, २०६१ सालबाट विविएस, स्नातकोत्तर तहमा अंग्रेजी, नेपाली लगायतका विषयहरु थप हुनुका साथै २०६५ सालबाट एम.एस्सी. भौतिकशास्त्र र रसायनशास्त्र तथा २०६६ बाट स्नातकोत्तर तहमा समाजशास्त्र, जनसंख्या अध्ययन, एकवर्षे, ३÷४ वि.एड. वर्षेलगायतका विषयहरु थप भई वर्षेनी करीव ५,००० हजार विद्यार्थीहरुले उच्चशिक्षा हासिल गर्ने अवसर प्राप्त गर्दै आइरहेका छन् ।

यसै परिप्रेक्ष्यमा यस वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनबाट प्रवीणता प्रमाणपत्र, स्नातक र स्नातकोत्तर तहमध्ये कुनै पनि तह अध्ययन गरी स्वदेश तथा विदेशमा विभिन्न पेशा रोजगारमा संलग्न रहि आ-आफ्नो पेशा व्यवसाय गर्दै आएका व्यक्तिहरु चितवनको सबैभन्दा पुरानो क्याम्पसको हितमा काम गर्ने तथा आपसी सहयोग र सुसम्बन्ध स्थापना गर्न उच्च शिक्षाको अध्ययन, अध्यापन अनुसन्धान तथा विकासको लागि यस क्षेत्रको विस्तार गर्ने तथा अनुसन्धान कार्य प्रभावकारी बनाउने, पूर्वविद्यार्थीहरुसँग भेटघाट, मेलमिलाप र सहकार्य गरी क्याम्पसको वैचारिक एवम् भौतिक सुधार र भावी कार्यमा सबैलाई सक्रिय सहभागी बनाई ठोस योगदान दिन त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका पूर्व विद्यार्थीहरु संगठित हुनुपर्ने आवश्यकता महशुस गरी यो विधान बनाई "वीरेन्द्र बहुमुखी क्याम्पस एल्मुनाई एशोसिएसन, २०७६" स्थापना गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संस्थाको नाम ः

यस संस्थाको नाम “वीरेन्द्र बहुमुखी क्याम्पस एल्मुनाई एशोसिएसन नेपाल–२०७६” रहनेछ । अंग्रेजीमा द्यक्ष्च्भ्ल्म्चब् ःग्ीत्क्ष्एीभ् ऋब्ःएग्क् ब्ीग्ःल्क्ष् ब्क्क्इ्ऋक्ष्ब्त्क्ष्इल्, ल्भ्एब्ी(द्दण्ठट रहने छ । छोटकरीमा विएमसीएएन -द्यःऋब्ब्ल्(द्दण्ठट) भनिनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना ः यस संस्थाको कार्यालय भरतपुर महानगरपालिका वडा नं. १०, चितवनस्थित वीरेन्द्र बहुमुखी क्याम्पसको परिसरमा रहनेछ ।

(ख) संस्थाको कार्य क्षेत्र ः यस संस्थाको कार्य क्षेत्र नेपाल राज्य तथा विदेशमा रहनेछ ।

(ग) प्रारम्भ ः प्रस्तुत विधान समाज कल्याण परिषद् मार्फत् जिल्ला प्रशासन कार्यालय, भरतपुर, चितवनमा दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(घ) संस्थाको अस्तित्वः यो संस्था एक अविछिन्न उत्तराधिकारवाला स्वशासित, संगठित, गैर नाफामुलक, गैर राजनैतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ ।

२. परिभाषा ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा ः

(क) “विधान” भन्नाले “वीरेन्द्र बहुमुखी क्याम्पस एल्मुनाई एशोसिएसन–नेपाल २०७६” को विधानलाई जनाउने छ ।

(ख) “संस्था” भन्नाले “वीरेन्द्र बहुमुखी क्याम्पस एल्मुनाई एशोसिएसन–नेपाल २०७६” लाई जनाउनेछ ।

(ग) “समिति” भन्नाले यस विधानको दफा १३ वमोजिम गठन भएको कार्य समितिलाई जनाउने छ ।

(घ) “सभा” भन्नाले यस विधान वमोजिम वसेको साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउने छ ।

(ङ) “पदाधिकारी” भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्छ ।

(च) “नियम विनियम” भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउने छ ।

(छ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस विधान र यो विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए वमोजिमको प्रावधानलाई जनाउने छ ।

३. संस्थाको छाप र चिन्ह ः प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी यो विधानको अनुसुचि १ बमोजिमको ढांचामा संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ ।

परिच्छेद-२

उद्देश्य

४. संस्थाको उद्देश्य ः

संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ः

(क) यो संस्था मुनाफारहित, जनहितकारी, सामाजिक संस्था हुनेछ ।

(ख) यस संस्थामा वीरेन्द्र बहुमुखी क्याम्पसका पूर्व विद्यार्थीहरुलाई संगठित गर्दै शैक्षिक गुणस्तर तथा अनुसन्धानको निम्ति प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग गर्ने गराउने ।

(ग) वीरेन्द्र बहुमुखी क्याम्पसलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्न र दिगो बनाउन सदस्यहरुको क्षमता उपयोग गर्ने ।

(घ) प्राज्ञिक विशेषता भएका व्यक्तिहरुको पहिचान गरी तीनिहरुको ज्ञान, शीपको प्रयोग गरी प्राज्ञिक उन्नयनमा लागउने ।

(ङ) सामाजिक महत्वको विषयका बारेमा जागरुप बनाउनुका साथै राष्ट्रिय र सामाजिक उत्तरदायित्व बढाउन सदस्यहरु बीच छलफल आदान प्रदान गर्ने र तत् सम्बन्धमा कार्य गर्नु गराउनुका साथै विद्यार्थी र समाजका विभिन्न वर्गसँग समन्वय गरी कार्य गर्ने ।

(च) सदस्यहरु बीच सद्भाव बढाउन तथा सदस्यहरुमा अन्तर्निहित प्रतिभा, साहित्य, कला तथा विभिन्न क्षेत्र समेट्दै संस्था दिगो बनाउन एक महत्वपुर्ण फोरम स्थापना गर्ने ।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु ः

यस संस्थाको उद्देश्य प्राप्त गर्नका लागि देहाय वमोजिमका कार्यहरु गरिनेछ

(क) संस्थाको प्रचलित नेपाल कानून बमोजिम सम्वन्धित निकायवाट अनुमती वा इजाजत प्राप्त गरेर मात्र आफ्ना उद्‌देश्यहरु कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन, निर्माण वा भाडामा लिई र आवश्यक पर्ने, टेलिफोन, टाइपराइटर, फ्याक्स, टाइपराइट, फर्निचर, सवारी साधन आदि सामग्रीहरु खरिद वा भाडामा लिई प्रयोग गर्ने छ ।

(ग) विधानको मातहतमा रही संस्थालाई आवश्यक भए वमोजिमको नियम विनियम निर्माण गरी लागू गरिनेछ ।

(घ) संस्थालाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्त गर्ने तथा निजहरुको सेवा शर्त निर्धारण गर्ने ।

(ङ) संस्थाको उद्‌देश्य कार्यान्वयनको लागि गोण्ष्ठी, सेमिनार, भेला, छलफल आदि कार्य गर्नुका अतिरिक्त अन्य संघ संस्था एवं दाताहरु, सरकारी निकायसंग समन्वय गरी कार्य गर्ने ।

(च) सरकारी, गैरसरकारी तथा स्वदेशी विदेशी संघ संस्थाहरुको समन्वयमा आवश्यक सहयोग आदन प्रदान गरी उपलव्धिमूलक क्रियाकलापहरु गरिनेछ ।

(छ) सबै सदस्यहरुको सम्बन्ध जिवनभरका लागि त्रि.वि.सँग जोड्ने र एकअर्का बीच सहयोगको आदान प्रदान गरिनेछ ।

(ज) त्रि.वि.का. विकास र संरक्षणका लागि सदस्यहरुको बढी भन्दा बढी उपयोग गर्ने ।

परिच्छेद-३

सदस्यता

६. सदस्यहरुको वर्गिकरण ः यस संस्थामा देहाय वमोजिम ४ प्रकारका सदस्यहरु रहने छन् ।

(क) साधारण सदस्य ः

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको प्राज्ञिक तथा अनुसन्धान एवम् समाजसेवामा रुची भएका नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत आवेदन भरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्य ः

यो संस्था दर्ता हुंदाका वखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन । तर संस्थापक सदस्यहरुले समेत संस्थाको साधारण वा आजिवन सदस्यता लिएर विधान वमोजिम शुल्क बुझाउनु पर्नेछ ।

(ग) आजीवन सदस्य ः

संस्थाको विकासको लागि विशेष योगदान पु¥याउने व्यक्तिहरुलाई तोकिएको प्रकृयाको अधिनमा रही आजिवन सदस्यता प्रदान गरिने छ ।

(घ) मानार्थ सदस्य ः

संस्थाले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित स्वदेशी तथा विदेशी नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । तर मानार्थ सदस्यहरुको मताधिकार भने रहने छैन ।

७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः यस संस्थाको सदस्यता प्राप्तिको लागि निम्न बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) यस संस्था वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनबाट स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरेका व्यक्तिहरु साधारण सदस्य हुन सक्नेछन् । तर त्रि.वि.बाट प्रविणता प्रमाण पत्र तह हटाउनुभन्दा अघि त्यस्तो प्रविणता प्रमाणपत्र तह पास गरेको व्यक्ति समेतले यस संस्थाको साधारण सदस्यता प्राप्त गर्न सक्नेछन्।

(ख) १६ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक ।

(ग) मानसिक अवस्था ठिक भएको ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(ङ) नैतिक पतन देखिने फौज्दारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

८. संस्थाको सदस्यमा वहाल रहन नसक्ने अवस्था ः

देहायको अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न एवं संस्थाको सदस्यमा वहाल रहन सक्ने छैन ।

(क) गैर नेपाली र १६ वर्ष उमेर पूरा नभएको ।

(ख) मानसिक सन्तुलन ठिक नभएको ।

(ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

(घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको ।

(ङ) सम्वन्धित संस्थाको कार्यमा निजी स्वार्थ भएको ।

(च) साहुंको दामासाहिमा परेको ।

(छ) कुनै प्रकारको चोरी, ठगी, कीर्ते वा जालसाज गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचारको अभियोगमा अदालतवाट कसुरदार ठहरी सजाय पाई सो सजाय भुक्तान नगरेको ।

९. सदस्यताको समाप्ति ः

१. देहायको अवस्थामा कुनै पनि व्यक्तिको सदस्यता समाप्त हुने छ ः

(क) यस विधानको दफा (६),(७) र (८) बमोजिम सदस्यता प्राप्त गर्न नसक्ने व्यक्तिले सदस्यता प्राप्त गरेको अवस्था भएमा ।

(ख) साधारण सभामा उपस्थित सदस्यहरुको ७५% वहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ग) सदस्यले आफ्नो पदवाट दिएको राजिनामा स्वीकृत भएमा ।

(घ) संस्थाको काम कारवाहीमा वेइमान वा वदनियत गरेको कुरा अदालतवाट प्रमाणित भएमा

(ङ) यस विधान वमोजिम संस्था सदस्यहरुले गर्न नहुने भनी संस्थाले तोकेको कुनै कार्य गरेमा

(च) सदस्यता शुल्क वुझाउन वांकी राखेमा ।

(छ) संस्था विघटन वा खारेज भएमा ।

२.  तर कुनै पनि व्यक्तिको संस्थाको सदस्यता समाप्त गर्न वा सदस्यता वहालमा अयोग्य ठहर गर्नु भन्दा अघि संस्थाले निजलाई सो कुराको सुचना दिई सफाइको लागि आवश्यक मौकाको सुविधा प्रदान गरिनेछ ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने कार्यविधि ः यस विधानको दफा (६) बमोजिमका सदस्यहरुले देहाय बमोजिम प्रावधान अनुरुप प्रकृया पुरा भै शुल्क तिरे पछि सदस्य प्राप्त गर्न सक्नेछन् ।

१. साधारण सदस्य ः

(क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत

रु.१००।- र वार्षिक शुल्क वापत रु.५०।- बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

(ख) त्यस्तो साधारण सदस्यता प्राप्त गर्ने व्यक्तिले वार्षिक नविकरण शुल्क रु.५०।- बुझाउनु पर्नेछ ।

(ग) साधारण सदस्यता प्राप्त गर्ने प्रत्येक सदस्यले प्रत्येक वर्ष श्रावण मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ । त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर वुझाई नविकरण गर्न सक्ने छ ।

२. संस्थापक सदस्य ः

(क) संस्था दर्ता हुंदाका वखत तदर्थ समितिको पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

(ख) संस्थापक सदस्यहरुले संस्था दर्ता भएको मितिले एकमहिनाभित्र एकमुष्ट रु. १,०००।- बुझाउनु पर्नेछ ।

३. आजीवन सदस्य ःसंस्थालाई एकमुष्ठ रु.१,०००।-वुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४. मानार्थ सदस्य ः साधारण सभाको निर्णयले उपयुक्त ठानेको कुनै पनि व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

५.	कुनै आवेदकलाई सदस्यता प्रदान नगर्ने निर्णय भएमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइने छ ।

६.	सवै किसिमका सदस्यहरुको यस विधान र विधान अन्तर्गत वनेको नियम र विनियम वमोजिम भएको व्यवस्थाको पालन गर्नु पर्नेछ ।

७.	संस्थाले प्रदान गरेको उपदफा १,२,३ र ४ बमोजिमका सदस्यहरुको तोकिए बमोजिमको ढांचामा छुट्टै अभिलेख किताव रहनेछ ।

परिच्छेद-४

साधारण सभा कार्य समिति तथा वैठक सम्वन्धी व्यवस्था ः

११.	साधारण सभाको गठन ः यस विधानको  दफा ७ अनुरुप सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सम्पूर्ण सदस्य सहितको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु साधारण सभामा आमन्त्रित सदस्यको रुपमा रहने छन् । साथै साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

१.	यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ः

(क)	वार्षिक साधारण सभा ःवर्षको १ पटक वार्षिक साधारण सभा बस्नेछ ।

(ख)	विशेष साधारण सभाः संस्थाको  कुन सदस्य संस्थाको १।४ (एक चौथाई) सदस्यले कारण सहित विशेष साधारण सभा बोलाउन माग गरेमा कार्य समितिले घटिमा ७ दिन भित्र अनिवार्य रुपमा साधारण सभा वोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष साधारण सभा वसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा वस्न सक्ने छैन ।

२.	यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले ६ महिना भित्र र त्यस पछिका वार्षिक सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र गरिनेछ ।

३.	यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि घटिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नको लागि घटिमा ७ दिन अगावै सभा हुने स्थान मिति समय र छलफल गर्ने विषयहरु खोली सवै साधारण सभाका सदस्यहरुलाई अनिवार्य रुपमा सुचना दिनु पर्नेछ ।

४.	उपदफा ३ बमोजिम वोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिम गणपुरक संख्या नपुगी सभा हुन नसकेमा घटिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा वोलाउइने छ ।

५.	साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

१२.	साधारण सभाको काम कर्तव्य र अधिकार ः

(क)	कार्य समितिले पेश गरेको योजना र वार्षिक वजेट पारित गर्ने ।

(ख)	वार्षिक लेखा परिक्षण प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनवाट देखिए अनियमित वेरुजु रकमहरु माथि छलफल अनियमित रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नका लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग)	आगामी वर्षको लागि लेखा परिक्षण नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(घ)	संस्थाको वार्षिक प्रगती विवरण र संस्थाले गरेका कार्यहरुको मुल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ)	कार्य समितिका पदाधिकारीहरु पदावधी समाप्त भए पछि विधान बमोजिमको प्रकृया अन्तर्गत रही निर्वाचन गर्ने ।

(च)	कार्य समितिवाट पेश भएका विधान संसोधन प्रस्ताव एवं नियम तथा विनियम पारित गर्ने ।

(छ)	मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज)	कार्य समितिवाट संस्थाको हित अनुकुल भएका कार्यहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ)	संस्थाको आन्तरिक श्रोतवाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारी दरवन्दी पारिश्रमिक तथा अन्य सेवा शर्त आवश्यकता अनुरुप स्वीकृत गर्ने ।

१३.	कार्य समितिको गठन ः

१. साधारण सभाका सदस्यहरुवाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु रहने १७ सदस्यीय एक कार्य समिति गठन गरिने छ ।

| | | |
|---|---|---|
| अध्यक्ष | - | १ |
| उपाध्यक्ष | - | २ (एकजना महिलासहित) |
| महासचिव | - | १ |
| सचिव | - | १ |
| कोषाध्यक्ष | - | १ |
| सदस्यहरु | - | ११ |

तर संस्थाको प्रथम साधारण सभा भएर निर्वाचित कार्यसमितिको गठन नभएसम्म देहाय बमोजिमको तदर्थ कार्यसमिति गठन गरिएको हुंदा सोही कार्य समितिले कार्य गर्नेछ ।

तदर्थ कार्यसमिति ः

अध्यक्ष

उपाध्यक्ष

महासचिव

सचिव

कोषाध्यक्ष

सदस्यहरु

२. कार्य समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनु भन्दा कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा वांकी अवधिको लागि रिक्त सदस्यको पदपुर्ती कार्य समितिद्वारा गर्न सकिने छ । यसरी सो मनोनित भएको व्यक्तिको कार्यकाल रिक्त भएको सदस्यको वांकी रहेको कार्यकाल सम्मको

लागि मात्र हुनेछ । तर अन्य पदको लागि विधान वमोजिम वांकी अवधिको लागि निर्वाचन प्रकृयाद्वारा पुरा गरिने छ ।

४. कार्य समितिको वैठक आवश्यकता अनुसार अध्यक्षले वोलाउने छ । तर कार्य समितिका ५१% पदाधिकारीले वैठक वोलाउन माग गरेमा अध्यक्षले तिन दिन भित्र कार्य समितिको वैठक वोलाउनु पर्नेछ ।

५. कार्य समितिको कुल पदाधिकारीहरुको ५१% पदाधिकारीको उपस्थिति नभै कार्य समितिको वैठक वस्ने छैन ।

६. कार्य समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको समेत अनुपस्थितिमा महासचिवले र निज पनि अनुउपस्थित भएमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले गर्ने छ ।

७. कार्य समितिमा वहुमतको निर्णय मान्य हुुने र मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

८. कार्य समितिको वैठकमा छलफल भएका विषयहरुको छुट्टै निर्णय किताव राखिनेछ र सो विवरणमा उपस्थित सम्पूर्ण सदस्यले सहि गर्नुपर्ने छ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सहि गर्नुपर्नेछ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समितिको निर्णयवाट हुनेछ ।

१०. माथिका दफामा जे सुकै लेखिएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यमा कार्य समितिका सम्पूर्ण पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो कार्य वैठक विना पनि गर्न सकिने छ र त्यस्तो सहमतीलाई कार्य समितिको वैठकको निर्णय सरह मानिनेछ ।

१४. कार्य समितिको काम कर्तव्य र अधिकार ः

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको कार्यक्रम र अनुमानित वजेट साधारण सभामा प्रस्तुत गर्ने।

२. साधारण सभाको निर्णय कार्यान्वयन गराउने ।

३. संस्थाको हितमा हुने उद्देश्य अनुरुपका कार्यक्रमहरु संचालन गर्ने ।

४.	साधारण सभा प्रति उत्तरदायि रहने ।

५.	संस्थाको उद्देश्य प्राप्तिको लागि उपलव्ध श्रोत र साधनको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६.	संस्थाको कार्य सम्पादन गर्न कार्य योजना वाउने श्रोत जुटाउने एवं कार्यकाल गर्न सुपरिवेक्षण र अनुसन्धान गर्ने ।

७.	संस्थाको कोष र सम्पत्ति सुरक्षित राख्ने एवं वैंक खाता खोली संचालन गर्ने ।

८.	संस्थाको कर्मचारीहरुको सेवा शर्त सुविधा आदी वारेमा कर्मचारी विनियमावली वनाई साधारण सभावाट स्वीकृत गराई लागु गर्ने ।

९.	संस्थाको उद्देश्य कार्यान्वयनको लागि उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति एवं उपसमिति गठन गर्ने तथा आवश्यकता अनुरुप कार्यको वांडफांड गर्ने ।

१०.	संस्थाको नेतृत्वदायी भूमिका वहन गर्ने ।

१५.	पद त्याग गर्न सक्ने ः

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

१६.	अन्य समितिहरु ः

१.	यस विधानको प्रावधान भित्र रही संंस्थाको कार्य संचालनको लागि आवश्यकता अनुरुप अन्य समिति वा उप-समितिहरु गठन गर्न सकिने छ । तर सो गठन भएका समिति उप-समितिहरु साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ ।

२.	उप-समितिको कार्यकाल र कार्यहरु कार्य समितिले तोकि दिए बमोजिम हुनेछ ।

परिच्छेद-५

पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

१७.	कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्षको काम, कर्तव्य र अधिकार ः

(क)	कार्य समिति र साधारण तथा विशेष साधारण सभाको अध्यक्षता गर्ने र वैठक संचालन गर्ने ।

(ख)	निर्णायक मत दिने ।

(ग)	संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने र प्रतिनिधि तोक्ने ।

(घ)	संस्थाको नेतृत्व वहन गर्ने ।

(ङ)	आवश्यकता अनुसार वैठक वोलाउन सचिवलाई निर्देशन दिने ।

(च)	अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको वांडफांड गर्ने ।

(छ)	अभिलेख प्रमाणित गर्ने एवं अन्य आवश्यक काम कारवाही गर्ने ।

२. उपाध्यक्षको काम कर्तव्य र अधिकार ः

(क)	अध्यक्षलाई सहयोग गर्ने ।

(ख)	अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

(ग)	अध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने ।

३. महासचिवको काम कर्तव्य र अधिकार ः

(क)	संस्थाको कार्यालयको रेखदेख र संचालन गर्ने ।

(ख)	अध्यक्षको निर्देशन अनुसार वैठक र सभा वोलाउने ।

(ग)	अभिलेख सुरक्षित राख्ने ।

(घ)	अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

४. सचिवको काम कर्तव्य र अधिकार ः

((क)	महासचिवलाई सहयोग गर्ने ।

(ख)	महासचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।

(ग)	महासचिवको अनुपस्थितिमा निजको काम गर्ने ।

४. कोषाध्यक्षको काम कर्तव्य र अधिकार ः

(क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र वजेट पेश गर्ने ।

(गं) लेखा दुरुस्त राख्ने ।

(घ) नियमित रुपमा वार्षिक लेखा परिक्षण गराउने ।

(ङ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

५. सदस्यहरुको काम कर्तव्य र अधिकार ः

(क) कार्य समितिको वैठकमा नियमित उपस्थित हुने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

(ग) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

१८. गणपुरक संख्या ः

१. कुल सदस्य संख्याको ६० प्रतिशत साधारण सभाका सदस्यहरुको उपस्थित नभै सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११(४) मा उल्लेख भए अनुरुप पुन वोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

परिच्छेद-६

आर्थिक व्यवस्था ः

१९. संस्थाको कोष ः

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् ।

(क) सदस्यता वापत प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

(ख) कसैले स्वेच्छाले दिएको अनुदान तथा सहायता वापत प्राप्त रकम ।

(ग) संस्थाको चल अचल सम्पत्ति को विक्रीबाट प्राप्त रकम ।

(घ)	विदेशी संस्था, व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थावाट सहयोग वापत प्राप्त रकम ।

(ङ)	नेपाल सरकार एवं नेपाल सरकारका मातहतका निकायवाट अनुदान एवं सहयोग प्राप्त रकम ।

(च)	संस्थाका सदस्यहरुवाट कुनै निश्चित कामको लागि संकलन भएको रकम ।

२.	संस्थालाई प्राप्त रकम स्थानिय वैंकमा जम्मा गरी वैंक खाता संचालन गरिनेछ ।

२०.	वैंक खाता संचालन ः संस्थाको वैंक तथा वित्तीय संस्थामा खाता अध्यक्ष, महासचिव र कोषाध्यक्षको नामबाट खोलिनेछ र कोषाध्यक्षको अनिवार्य हस्ताक्षर सहित कुनै एक जना गरी दुईजनाको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । साथै संस्थाको रकम प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१.	कोषको रकम खर्च गर्ने प्रावधान ः

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको प्रावधान अपनाई खर्च गरिनेछ

(क)	संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन

(ख)	साधारण सभावाट पारित वजेट र कार्यक्रमको अधिनमा रही कोषवाट रकम खर्च गर्न सकिनेछ ।

(ग)	कोषवाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

(घ)	कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

२२.	संस्थाको लेखा र लेखा परिक्षण ः

१.	प्रचलित कानून बमोजिम संस्थाको आय व्यय र लेखा स्पष्ट रुपमा राखिनेछ ।

२.	संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकवाट गराइने छ ।

३.	नेपाल सरकार वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै वखतमा पनि संस्थाको हिसाव किताव जांच गर्न गराउन सक्ने छ ।

४. लेखा परिक्षकको नियुक्ति वार्षिक साधारण सभावाट हुने छ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिले गर्नेछ ।

५. संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगती विवरणको १।१ प्रति स्थानिय अधिकारी जिल्ला विकास समिति समाजकल्याण परिषद र नेपाल सरकारद्वारा तोकिएका अन्य निकायमा पेश गरिनेछ ।

परिच्छेद-७

निर्वाचन अविश्वासको प्रस्ताव र विधान संसोधन सम्वन्धी प्रावधान

२३. निर्वाचन सम्वन्धी व्यवस्था ः

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि वढीमा ५ जनाको एक निर्वाचन समितिको गठन कार्य समितिले गर्नेछ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्य विधि आफै निर्धारण गर्नेछ ।

३. निर्वाचन सम्वन्धी कुनै विवाद भएमा सो उपर निर्वाचन समितिले नै निर्णय गर्ने छ र सो निर्णय नै अन्तिम निर्णय हुनेछ ।

४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

५. निर्विरोध र सर्वसम्मतिबाट कार्य समिति चयन भएमा माथि उल्लेखित कुनै पनि प्रकृया अवलम्वन गर्नुपर्ने छैन ।

२४. उम्मेदवार हुन योग्यता ः

कार्य समितिको उम्मेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुनुपर्छ ।

(क) परिच्छेद ३ दफा ७ बमोजिमको योग्यता पुगेको व्यक्ति ।

(ख) संस्थाको साधारण सदस्य भई कम्तिमा १ वर्ष कार्यकाल पूरा गरेको व्यक्ति हुनुपर्नेछ तर प्रथम पटकका लागि यसले बाधा पु¥याउने छैन ।

२५.	अविश्वासको प्रस्ताव ः

१.	अविश्वासको प्रस्ताव लिखित रुपमा कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय वमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

(क)	नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

(ख)	प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

(ग)	साधारण सभा सदस्यहरु मध्येवाट कम्तिमा १।४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई हस्ताक्षर भएको हुनु पर्छ ।

२.	उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान मिति समय समेत तोकी संस्थाको सम्पूर्ण पदाधिकारीहरु र सदस्यहरुलाई विधानको दफा ११(४) बमोजिम सभा बस्ने सुचना दिनु पर्नेछ ।

३.	अविश्वासको प्रस्ताव उपर छलफल गर्ने प्रकृयाः

(क)	साधारण वा विशेष साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिने छ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

(ख)	उपदफा ३(क) वमोजिम अविश्वासको प्रस्ताव कुनै पक्षमा आफ्नो अभिमत प्रस्तुत गरे पछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने वढीमा अन्य तिन जना सदस्यलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमती दिन सक्ने छ ।

(ग)	उपदफा(१) बमोजिम जुन पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले त्यो पदाधिकारीलाई सफाई पेश गर्नको लागि आफ्ना भनाईहरु राख्न अनुमति दिनु पर्नेछ

४.	अविश्वासको प्रस्ताव माथि निर्णय ः

१.	अविश्वासको प्रस्ताव आ-आफ्ना भनाईहरु राख्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सभाको वहुमत अविश्वासको प्रस्तावको पक्ष कि विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिम कुनै एक तरिका अपनाई अविश्वासको प्रस्ताव उपरको निर्णय घोषिणा गर्ने छ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुह र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर वा,

(ख) सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर,

२. सभाको कुल सदस्य संस्थाको २।३ दुई तिहाई) वहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका पदाधिकारीहरु पद मुक्त हुने छन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो पदाधिकारी उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. विधान संसोधन ः

कुल सदस्य संख्याको दुई तिहाई साधारण सभा सदस्यहरुले अनुमोदन गरेपछि मात्र संस्थाको विधानको कुनै दफा संसोधन वा खारेजिको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने र स्थानीय अधिकारीवाट स्वीकृत भए पश्चात् मात्र विधानको कुनै दफा संसोधन वा खारेज भएको मानिने छ ।

२७. नियम वनाउन सक्ने ः

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्नका लागि आवश्यक नियम बनाउन सक्ने छ र सो नियम साधारण सभावाट पारित भएर मात्र लागू हुनेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

२. यो विधान अन्तर्गत वनेका नियमको अधिनमा रही संस्थाको कार्य सम्पादन र उद्देश्य कार्यान्वयनको लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्वन्धी विनियम वनाई लागू गर्न सक्ने छ र त्यस्ता विनियमहरु समेत साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्था ः

(क) संस्थाको दैनिक कार्य संचालन, योजना तथ्य कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक कर्मचारी दरवन्दी सिर्जना पारिश्रमिक भत्ता तथा अन्य सुविधा र सेवा शर्त सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको कार्यक्रम कार्यान्वयनको लागि विदेशी सल्लाहकार वा स्वयं सेवक राख्नु पर्ने अवस्था भएमा निजले काम गर्ने अवधि पु¥याउने सेवा कामको औचित्य र निजले प्राप्त गर्ने सुविधा निजको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराइने छ ।

२९. संस्था खारेजी ः

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सकिनेछ ।

२. उपदफा १ वमोजिम संस्थाको खारेजी प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक समिति गठन गर्न सक्नेछ ।

३. यसरी कारणवश संस्था विघटन भै खारेज भएमा संस्थाको दायित्व फरफारक गरी वांकी रहेको सम्पूर्ण जायजेथा त्रि.वि. को हुनेछ

३०. व्याख्या ः यो विधान र विधान अन्र्तगत वनेको नियम, विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने ः यस संस्थाका कुनै पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य एवं गोप्यता भंग गर्नु हुंदैन साथै कार्य समितिका पदाधिकारी वा सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाउने छैन ।

३२. ऐन अनुसार हुने ः यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र प्रचलित नेपाल कानूनसंग वाझिएका प्रावधान वाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

३३. तदर्थ समिति ः

१. यस संस्थाको स्थापना गरी दर्ता गराउनको लागि संस्थाको विधानको दफा ११ मा रहेको तदर्थ समितिले ६ महिना भित्र साधारण सभा वोलाई विधान अनुसार निर्वाचन समिति गठन गरी नयां कार्य समितिको गठन गरिनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ कार्य समितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिने छ

३४. "वीरेन्द्र बहुमुखी क्याम्पस एल्मुनाई एशोसिएसन नेपाल–२०७६" को संरक्षक वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनका क्याम्पस प्रमुख हुनेछन् ।

३५. हामी "वीरेन्द्र बहुमुखी क्याम्पस एल्मुनाई एशोसिएसन नेपाल–२०७६" का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर गरी सहिछाप गरेका छौ ।

संस्थापकको नाम, थर ठेगाना

| क्र.सं. | पद | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री बाबुराम घिमिरे | | |
| २. | उपाध्यक्ष | श्री केशवभक्त सापकोटा | | |
| ३. | उपाध्यक्ष | श्री रमा ढुंगाना (घिमिरे) | | |
| ४. | सचिव | श्री वामदेव घिमिरे | | |
| ५. | कोषाध्यक्ष | श्री शालिग्राम पौडेल | | |
| ६. | सहसचिव | डा. विजयलाल प्रधान | | |
| ७. | सदस्य | श्री प्रचण्डलाल प्रधान | | |
| ८. | सदस्य | श्री देवीरमण अधिकारी | | |
| ९. | सदस्य | श्री मोतीराम ढुङ्गाना | | |
| १०. | सदस्य | श्री बासुदेव वाग्ले | | |
| ११. | सदस्य | श्री तिलकराज पौडेल | | |
| १२. | सदस्य | श्री सरिता सापकोटा अधिकारी | | |
| १३. | सदस्य | श्री पूर्णबहादुर अधिकारी | | |
| १४. | सदस्य | श्री कुमुद श्रेष्ठ | | |

१५. सदस्य श्री शारदा लौडारी

१६. सदस्य श्री चन्द्रावती शर्मा

१७. सदस्य श्री डम्बर कुमारी घिमिरे

१८. सदस्य श्री हरि योञ्जन

अनुसुचि-१

विधानको दफा ३ सँग सम्वन्धित

यस संस्थाको छाप र चिन्ह देहाय बमोजिमको हुनेछ ।